# अजोड इन्स्योरेन्स लिमिटेड
# AJOD Insurance Limited

हरेक कदमको सहयात्री...

च.नं.२४६२ /२०७८/७९

मिति : २०७८/१०/१३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं ।

विषय : वार्षिक साधारण सभा तथा शेयर दाखिला खारेज बन्द (BOOK Close) सम्वन्धमा ।

महाशय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको संचालक समितिको मिति २०७८/१०/१३ गते बसेको १०० औं बैठकको निर्णय वमोजिम आ.व.२०७७/२०७८ को चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने निर्णय भएको व्यहोरा तहाँ कार्यालय समक्ष जानकारीको लागि अनुरोध छ । साथै उक्त साधारण सभा वस्ने प्रयोजनार्थ मिति २०७८/१०/२४ गते शेयर दर्ता किताव बन्द हुने व्यहोरा समेत अनुरोध छ ।

मिति : २०७८ साल फाल्गुन ०६ गते, तदनुसार १८ फेब्रअरी २०२२, शुक्रवार ।

स्थान : युनाइटेड वर्ल्ड ट्रेड सेन्टर, डिइसिसि, अमन हल तेस्रो तल्ला, त्रिपुरेश्वर, काठमाडौं र भर्चुअल भिडियो कन्फरेन्स (जुम) मार्फत एकसाथ सभा संचालन हुनेछ ।

समय : विहान ११.०० बजे

शेयरधनी तथा सर्वसाधारणहरुको जानकारीको लागि उक्त साधारण सभा सम्वन्धि सूचना मिति २०७८/१०/१४ गतेको कारोवार दैनिक पत्रिकामा प्रकाशित गरिनेछ तथा कम्पनीको वेभसाइट www.ajodinsurance.com मा समेत राखिएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

भवदीय

बैद्यनाथ प्रसाद उपाध्याय
मूख्य प्रवन्धक/कम्पनी सचिव

संलग्न कागजात :

१. चौथो वार्षिक साधारण सभाको सूचना

सि.टि.सी. मल, सातौं तल्ला, बागदरबार मार्ग, सुन्धारा, पोष्ट बक्स नं. २६४१२, काठमाडौं, नेपाल
फोन: ०१-४२४३०७२, ४२४३३०३, ४२३३७४३, टोल फ्रि नं.: १६६०-०१८६४९६, फ्याक्स: ९७७-१-४२४४०१३
E-mail: info@ajodinsurance.com, Web: www.ajodinsurance.com

# अजोड इन्स्योरेन्स लिमिटेड
# AJOD Insurance Limited
सि.टि.सी मल (सातौं तल्ला), सुन्धारा, काठमाण्डौं
फोन नं. ९७७-१-४२४३०७२, टोल फ्रि नं. १६६०-०१८६४९६
फ्याक्स नं. ९७७-१-४२४४०१३, इमेलः info@ajodinsurance.com


## चौथो वार्षिक साधारण सभा बस्ने सम्वन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७८।१०।१४)

**श्री शेयरधनी महानुभावहरु,**

यस कम्पनीको संचालक समितिको मिति २०७८ साल माघ महिना १३ गते बिहीवार बसेको १०० औ बैठकको निर्णयानुसार कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न मिति,स्थान र समयमा देहाय बमोजिमका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा समुपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, स्थान र समयः**

मिति : २०७८ साल फाल्गुन महिना ०६ गते शुक्रबार तदअनुसार (१८ फेब्रअरी , २०२२)

स्थान : युनाइटेड वल्ड ट्रेड सेन्टर, डिइसिसि, अमन हल तेस्रो तल्ला, त्रिपुरेश्वर, काठमाडौं र भर्चुअल भिडियो कन्फरेन्स (जुम) मार्फत एकसाथ सभा संचालन हुनेछ।

समय : बिहान ११.०० बजे

**छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०७७।०७८ को चौथो वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ.व. २०७७।०७८ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब तथा नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचिहरु सहितको वित्तीय विवरण उपर छलफल गरि पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७८।०७९ को लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक कानूनत पुनः नियुक्ति हुन योग्य रहेको)

**(ख) विविध**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१) चौथो वार्षिक साधारण सभामा भाग लिने प्रयोजनका लागि कम्पनीको शेयर दाखिला खारेजका लागि मिति २०७८ माघ २४ गते शेयर दर्ता किताब बन्द गरिनेछ। उक्त मिति भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार गरी सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लि. को शेयर अभिलेखमा दर्ता भएका शेयरधनीहरु साधारण सभामा भाग लिन योग्य मानिनेछन्।

२) सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लि. सुन्धारा, काठमाडौं वा कम्पनीको प्रधान कार्यालय सि.टि.सि.मल सातौ तल्ला सुन्धारा, काठमाण्डौमा प्रोक्सी फाराम दर्ता गरिसक्नु पर्नेछ। प्रोक्सी दिने शेयरधनीले प्रोक्सी दिए पश्चात् आफै उपस्थित हुन वा प्रोक्सी बदर गर्न वा परिवर्तन गर्न चाहेमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लि. सुन्धारा, काठमाडौं वा कम्पनीको प्रधान कार्यालय सि.टि.सि.मल सातौ तल्ला सुन्धारा, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ। प्रोक्सी फाराम यस कम्पनीको वेभसाइटबाट पनि Download गर्न सकिनेछ।

३) एकै शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा जसको नियुक्ति सबै भन्दा पहिला प्राप्त भएको हो माथि (२) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वतः बदर हुनेछ।

४) सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा कम्पनीको शेयर अभौतिकरण गरेको देखिने अभौतिककिरण खाताको विवरण र आफ्नो परिचयपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाइने छ।

५) विश्वव्यापी रुपमा फैलिएको महामारी कोरोना भाइरस (कोभिड-१९) को प्रकोप नेपालमा यथावत कायमै रहेको विशेष र अप्रत्याशित परिस्थितिका कारण कम्पनीको चौथो वार्षिक साधारण सभाको बैठकमा उपस्थित हुन नचाहने/नसक्ने शेयरधनी महानुभावहरुलाई भर्चुअल भिडियो कन्फरेन्स (जुम) को माध्यमबाट साधारण सभामा सहभागी हुने व्यवस्था मिलाइनेछ। जुमको माध्यमबाट साधारण सभामा सहभागी हुन चाहने शेयरधनी महानुभावले साधारण सभा हुने समयको ४८ घण्टा अगावै अफ्नो शेयर सम्वन्धि विवरण र आफ्नो परिचयपत्र सहित कम्पनीको प्रधान कार्यालय वा इमेल ठेगाना info@ajodinsurance.com, कम्पनीको फोन नं.०१-४२४३३०३, ४२४३०७२, ४२४४०१३, टोल फ्री नं.१६६००१८६४९९ मा सम्पर्क गरी भर्चुअल जुम मिटिङ्ग आईडी पासवर्ड Meeting ID तथा password लिन सकिनेछ। भिडियो कन्फरेन्सिंग (जुम) मार्फत चौथो वार्षिक साधारण सभाको बैठकमा भाग लिने शेयरधनीहरूको भर्चुअल सहभागितालाई कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिमको गणपूरक संख्या गणनागर्दा उपस्थितिमा समावेश गरी गणना गरिनेछ। साथै मतदान प्रकृयामा भाग लिन शेयरधनी स्वयं वा आधिकारिक प्रतिनिधि मार्फत मात्र साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन सकिनेछ।

६) भर्चुअल भिडियो कन्फरेन्स (जुम) माध्यमबाट सहभागिता हुनु हुने शेयरधनिहरुलाई चौथो वार्षिक साधारण सभास्थलमा उपस्थित भए सरह मान्यता दिइनेछ। भर्चुअल भिडियो कन्फरेन्स (जुम) माध्यमबाट सहभागि हुनु हुने शेयरधनिहरुको हाजिर निजहरुले गरेको लगईन (Virtual Log in) को आधारमा गरिनेछ।

७) नावालक र विछिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइने छ।

८) चौथो वार्षिक साधारण सभाको सूचना सहितको संक्षिप्त आर्थिक विवरण २०७७/०७८ शेयरधनीमहानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको ईमेल ठेगानामा प्रेषित गरिने छ। शेयरधनी महानुभावहरुले उक्त सुचना प्राप्त नगर्नु भएको भए यसै सूचनालाई आधार मानी सभामा उपस्थीत हुन अनुरोध छ। **साधारण सभाको सूचना र वित्तीय विवरणहरु सहितको चौथो वार्षिक प्रतिवेदन २०७७/०७८ यस कम्पनीको वेबसाईट Website: मा हेर्न सकिने छ।**

९) कुनै शेयरधनीमहानुभावले साधारण सभामा आफ्नो मन्तब्य राख्न चाहेमा वार्षिक साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्नेछ।

१०) सभा सम्बन्धी अन्य जानकारी कम्पनीको प्रधान कार्यालय सि.टि.सि.मल सातौ तल्ला सुन्धारा, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध छ।

११) कोरोना भाइरस (कोभिड - १९) को सक्रमण नियन्त्रणको लागि नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्वन गर्नको लागि वार्षिक साधारणसभामा उपस्थित हुनुहुने शेयरधनी महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ।

१२) सभा सम्बन्धि अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ।